तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ ।
(शिक्षा, युवा तथा खेलकुद महाशाखा)
लुम्विनी प्रदेश, नेपाल

प.स. २०७८/०७८९
च.नं. ३७५१

मितिः २०७७/१०/०५

**विषयः** युवा प्रतिभा पहिचाहन तथा प्रोत्साहन प्रतियोगिता सञ्चालन सम्बन्धमा सूचना प्रकाशन गरिएको बारे ।

प्रस्तुत विषयमा यस तुलसीपुर उपमहानगरपालिका दाङलाई चालु आ.व. २०७८/०७९ मा राष्ट्रिय युवा परिषद सानोठिमी भक्तपुरबाट प्राप्त युवा प्रतिभा पहिचाहन र प्रोत्साहन कार्यक्रम अन्तरगत **"युवा नवप्रर्वतनात्मक विचार"** प्रतियोगिता (**"Youth Innovative Ideas Hunt"** Competition) सञ्चानल हुने भएकाले इच्छुक दाङ जिल्ला भरका **१० वटै स्थानीय तह**मा बसोबास गर्ने १६ देखि ४० बर्ष उमेर समुहका युवा स्वयंले तयार गरेको नवप्रर्वतनात्मक विचार सहितको प्रस्तावित परियोजना (मुद्रित तथा भिडियो सामग्री) तयार गरि मिति २०७८ माघ २५ गते भित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद महाशाखा वा bambahadur882@gmail.com मार्फत तोकिए बमोजिमको ढाँचामा आवेदन दर्ता गर्न हुन यो सुचना प्रकाशन गरिएको छ ।

सम्मान तथा पुरस्कार

| | |
|---|---|
| प्रमाणपत्र सहित प्रथम पुरस्कार | रु १०,०००।- |
| प्रमाणपत्र सहित द्बितिय पुरस्कार | रु ७,०००।- |
| प्रमाणपत्र सहित तृतिय पुरस्कार | रु ४,०००।- |

अवसरहरुः

१. यस प्रतियोगितामा प्रथम हुने उमेदवारलाई लुम्बिनी प्रदेशद्धारा आयोजना हुने प्रदेश स्तरको "युवा नवप्रर्वतनात्मक विचार" प्रतियोगिता कार्यक्रममा सहभागिताका लागि सिफारिस गरिने छ ।
२. प्राप्त नवप्रर्वतनात्मक विचारहरुको मुल्याङ्कनबाट उत्कृष्ट १० वटा विचारहरुलाई राष्ट्रिय युवा परिषद सानोठिमी भक्तपुरमा पठाइने छ ।

नोटः प्रतियोगिता सञ्चालनका लागि मिति, स्थान र समय COVID-19 को जोखिमलाई मध्येनजर गर्दै निर्धारण गरि आवेदकलाई सूचाना गरिनेछ । प्रस्तावित परियोजना आवेदक स्वयमले १५ मिनेट भित्रमा प्रस्तुतीकरण गर्नु पर्नेछ ।

बोधार्थ
श्री सुचना शाखा (वेवसाइट र फेसबुक पेजमा सुचना अपलोड गरिदिने)

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

# प्रतियोगितामा सहभागी हुनका लागि दिने निवेदनको ढाँचा

मिति :- २०७८/......../........

श्री तुलसीपुर उपमहानगरपालिका/ नगर कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद महाशाखा तुलसीपुर दाङ।

**विषय :- प्रतियोगितामा सहभागी हुन पाऊँ ।**

प्रस्तुत विषयमा ताहाँको मिति २०७८/ /...... गते प्रकाशित सूचनामा उल्लेख भएको **Youth Innovative Ideas Hunt** प्रतियोगितामा मैले तयार गरेको ........................................................ विषयक सामग्री सहित सहभागी हुनका लागि तपसिल अनुसारको विवरण तथा कागजातहरू संलग्न गरी यो निवेदन पेश गर्दछु । यस कार्यक्रममा सहभागी हुँदाको व्यक्तिगत खर्च कही कतै पनि मागदावी नगर्ने ब्यहोरा समेत अनुरोध गर्दछु ।

**निवेदनसाथ पेश गरेका कागजातहरू :-**

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा नेपाली नागरिकता प्राप्त नभएको अवस्थामा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि

ख. निवेदकले प्राप्त गरेको माथिल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

निवेदक

दस्तखत : ..........................................

नाम, थर : ........................................

निवेदकको स्थायी ठेगाना :

जिल्ला ................, गा.पा./नगरपालिका ..............., वडा नं ...., टोल ...........................................
सम्पर्क मोबाइल नं. : ......................................... इमेल : ...................................................